# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

## मिति २०६६/४/९ गते शुक्रवार देखि २०६६/४/१५ गते बिहीवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ८२ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ५७१६ कारोबारबाट ४७ करोड २८ लाख २ हजार रुपैयाँ बराबरका ७ लाख ११ हजार ६ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा १५.९१ प्रतिशतले वृद्धि भएको हो । गत साता ४३०३ शेयर कारोबारबाट ४० करोड ७९ लाख १ हजार रुपैयाँ बराबरका ७ लाख ५४ हजार १ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबार मध्ये 'क' वर्गका कम्पनीहरुको मात्र २६ करोड ८८ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ५६.८६ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ७.९० अंकले वृद्धि भई अन्तिम दिन ७१६.०१ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ७३७.८२ | ४३४.३२ | ३६६.८५ | ६६९.६९ | ९८०.०७ | २९०.३५ | ६५१.८९ | ६९४.७५ | ७४५.८२ | ७०८.११ | १८८.१९ | ६८.३१ |
| दोस्रो | ७७६.६२ | ४३४.३२ | ३६६.८५ | ६६९.६९ | ९८०.७५ | २९०.३५ | ६५१.८९ | ६९५.७४ | ७५५.२१ | ७३०.६४ | १९५.९४ | ७०.७९ |
| तेस्रो | ७७०.२१ | ४३४.३२ | ३६३.९५ | ६८१.४३ | ९८१.४२ | २९०.३५ | ६५१.३१ | ६९३.१४ | ७५७.६६ | ७२९.०५ | १९४.७४ | ७०.२९ |
| चौथो | ७५९.४६ | ४३४.३२ | ३६३.९५ | ६७५.५६ | ९७९.३३ | २९०.३५ | ६५१.३१ | ६९१.७६ | ७५५.५५ | ७२१.४९ | १९२.३२ | ६९.५९ |
| पाँचौं | ७५२.३३ | ४३४.३२ | ३६३.९५ | ६६९.६९ | ९७७.१९ | २९०.३५ | ६५१.३१ | ६९२.५७ | ७४८.४८ | ७१६.०१ | १९०.४६ | ६९.१६ |
| परिवर्तन | १४.५१ | ०.०० | -२.९० | ०.०० | -२.८८ | -१०.८० | -०.५८ | -२.१८ | २.६६ | ७.९० | २.२७ | ०.८५ |

'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ७.९० अंकले वृद्धि भई १९०.४६ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (४ करोड ६ लाख रुपैयाँ) को आधारमा स्ट्याण्डर्ड चार्टर्ड बैंक, शेयर संख्या (९९ हजार कित्ता) को आधारमा नेशनल हाइड्रो पावर कम्पनी र कारोबार संख्या (८८२ वटा) को आधारमा सिटिजनस् बैंक इन्टरनेशनल अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | ४०.६७ |
| २ | बैंक अफ काठमाण्डू | ३९.०१ |
| ३ | सिटिजनस् बैंक इन्टरनेशनल | ३८.७५ |
| ४ | नेपाल बंगलादेश बैंक | ३१.३६ |
| ५ | कुमारी बैंक | ३०.५१ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।